# रुरुक्षेत्र गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
# घिउबेंसी, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल
# विद्यालय स्तरीकरण मापदण्ड, २०८१

## १. पृष्ठभूमि

कार्यपालिबाट स्वीकृत मिति २०८१।०५।२४

रुरुक्षेत्र गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर, विद्यार्थीको सिकाइ उपलब्धि, विद्यालय व्यवस्थापन, शिक्षकको पेशागत क्षमता, भौतिक तथा शैक्षिक पूर्वाधार, समावेशिता, सुशासन तथा समुदायको सहभागितालाई व्यवस्थित रूपमा मूल्याङ्कन गरी विद्यालयको वर्तमान अवस्था पहिचान गर्न तथा सुधारका लागि आवश्यक योजना निर्माण गर्न विद्यालय स्तरीकरण प्रणाली लागू गरिनेछ।

यस मापदण्डको मुख्य उद्देश्य विद्यालयलाई राम्रो—नराम्रो भनेर मात्र वर्गीकरण गर्नु नभई प्रत्येक विद्यालयको सबल पक्ष, सुधार गर्नुपर्ने पक्ष र आवश्यक सहयोग पहिचान गरी विद्यालय सुधार योजना निर्माणमा सहयोग पुऱ्याउनु हुनेछ।

## २. उद्देश्य

यस मापदण्डका उद्देश्य देहायबमोजिम हुनेछन्—

१. गाउँपालिकाभित्रका विद्यालयको वर्तमान शैक्षिक अवस्था पहिचान गर्ने।

२. विद्यार्थीको सिकाइ उपलब्धि तथा शैक्षिक नतिजालाई प्रमुख आधार बनाई विद्यालयको स्तरीकरण गर्ने।

३. कमजोर विद्यालयलाई सुधारका लागि आवश्यक प्राविधिक तथा व्यवस्थापकीय सहयोग उपलब्ध गराउने।

४. उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालयलाई प्रोत्साहन गर्ने।

५. विद्यालयको भौतिक, शैक्षिक तथा व्यवस्थापकीय अवस्था सुधार गर्न आधार तयार गर्ने।

६. विद्यालयको वार्षिक योजना तथा बजेट निर्माणलाई तथ्यमा आधारित बनाउने।

७. शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकलाई विद्यालयको गुणस्तर सुधारमा थप उत्तरदायी बनाउने।

८. विद्यालयबीच स्वस्थ प्रतिस्पर्धा, सिकाइ आदान—प्रदान तथा असल अभ्यासको विकास गर्ने।

**३. स्तरीकरणका मुख्य क्षेत्र तथा पूर्णाङ्क**विद्यालयलाई जम्मा **१०० अङ्क**मा मूल्याङ्कन गरिनेछ।

| **क्र.सं.** | **मूल्याङ्कन क्षेत्र** | **पूर्णाङ्क** |
|---|---|---|
| १ | विद्यार्थी सिकाइ उपलब्धि तथा शैक्षिक नतिजा | ३० |
| २ | शिक्षण—सिकाइ प्रक्रिया तथा शिक्षक व्यवस्थापन | २० |
| ३ | प्रधानाध्यापक नेतृत्व तथा विद्यालय व्यवस्थापन | १५ |
| ४ | भौतिक पूर्वाधार तथा सिकाइ वातावरण | १० |
| ५ | विद्यार्थी उपस्थिति, टिकाउपन तथा समावेशिता | १० |
| ६ | सुशासन, पारदर्शिता तथा सामाजिक उत्तरदायित्व | ५ |
| ७ | अतिरिक्त क्रियाकलाप, नवप्रवर्तन तथा स्थानीय पाठ्यक्रम | ५ |
| ८ | अभिभावक तथा समुदायको सहभागिता | ५ |
| **जम्मा** | | १०० |

## ४. विद्यार्थी सिकाइ उपलब्धि तथा शैक्षिक नतिजा — ३० अङ्क

विद्यालय स्तरीकरणमा विद्यार्थीको वास्तविक सिकाइ उपलब्धिलाई सबैभन्दा बढी महत्व दिइनेछ।

### क) वार्षिक परीक्षाको नतिजा — १० अङ्क

- कक्षा ५, ८ र १० को उपलब्धि
- विद्यालयको आन्तरिक परीक्षाको नतिजा
- विषयगत उत्तीर्ण दर
- औसत उपलब्धि प्रतिशत

### ख) आधारभूत सिकाइ उपलब्धि — ८ अङ्क

- कक्षा ३ सम्म पढाइ तथा लेखाइ क्षमता
- कक्षा ५ सम्म गणितीय आधारभूत सीप
- कक्षा ८ सम्म विषयगत सिकाइ उपलब्धि

### ग) SEE तथा अन्य सार्वजनिक परीक्षाको नतिजा — ५ अङ्क

**घ) विद्यार्थीको सिकाइ सुधार दर — ४ अङ्क**

गत वर्षको तुलनामा विद्यार्थीको सिकाइ उपलब्धिमा भएको सुधारलाई आधार मानिनेछ।

**ङ) कमजोर विद्यार्थीका लागि सुधारात्मक कार्यक्रम — ३ अङ्क**

विद्यालयले कमजोर विद्यार्थी पहिचान गरी उपचारात्मक तथा अतिरिक्त सिकाइ कार्यक्रम सञ्चालन गरे/नगरेको आधारमा अङ्क प्रदान गरिनेछ।

## ५. शिक्षण—सिकाइ प्रक्रिया तथा शिक्षक व्यवस्थापन — २० अङ्क

| सूचक | अङ्क |
|---|---|
| वार्षिक/मासिक/एकाइ योजना तथा पाठयोजना | ३ |
| नियमित कक्षा सञ्चालन तथा समयको सदुपयोग | ३ |
| विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग | ३ |
| शिक्षकको नियमितता तथा समयपालना | ३ |
| शिक्षकको पेशागत विकास/तालिममा सहभागिता | २ |
| शिक्षण सामग्री तथा ICT को प्रयोग | २ |
| विद्यार्थीको निरन्तर मूल्याङ्कन | २ |
| उपचारात्मक तथा अतिरिक्त सिकाइको व्यवस्था | २ |
| **जम्मा** | २० |

## ६. प्रधानाध्यापक नेतृत्व तथा विद्यालय व्यवस्थापन — १५ अङ्क

१. विद्यालयको स्पष्ट वार्षिक कार्ययोजना — २ अङ्क
२. विद्यालय सुधार योजना प्रभावकारी कार्यान्वयन — २ अङ्क
३. शिक्षक तथा कर्मचारीको प्रभावकारी परिचालन — २ अङ्क
४. विद्यालयमा नियमित बैठक तथा निर्णय कार्यान्वयन — २ अङ्क
५. अभिलेख तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन — २ अङ्क
६. विद्यालय अनुगमन तथा पृष्ठपोषण — २ अङ्क
७. स्रोत साधनको प्रभावकारी परिचालन — १ अङ्क
८. नवप्रवर्तन तथा असल अभ्यासको विकास — २ अङ्क

**७. भौतिक पूर्वाधार तथा सिकाइ वातावरण — १० अङ्क**

१. पर्याप्त तथा सुरक्षित कक्षाकोठा — २
२. खानेपानी तथा सरसफाइ — २
३. छात्र/छात्राका लागि उपयुक्त शौचालय — १
४. पुस्तकालय तथा शैक्षिक सामग्री — १
५. विज्ञान/कम्प्युटर/ICT प्रयोगको अवस्था — १
६. खेलमैदान तथा खेलकुद सामग्री — १
७. अपाङ्गमैत्री तथा बालमैत्री संरचना — १
८. सुरक्षित, हरियाली तथा आकर्षक विद्यालय वातावरण — १

**जम्मा — १० अङ्क**

**८. विद्यार्थी उपस्थिति, टिकाउपन तथा समावेशिता — १० अङ्क**
१. विद्यार्थीको नियमित उपस्थिति — ३
२. विद्यालय छाड्ने दर न्यून हुनु — २
३. कक्षा दोहोऱ्याउने दर न्यून हुनु — १
४. छात्रा तथा सीमान्तकृत समूहको सहभागिता — १
५. विपन्न तथा लक्षित समूहका विद्यार्थीलाई सहयोग — १
६. बाल संरक्षण तथा सुरक्षित सिकाइ वातावरण — २

**जम्मा —१० अङ्क**

**९. सुशासन, पारदर्शिता तथा सामाजिक उत्तरदायित्व — ५ अङ्क**
१. सामाजिक परीक्षण सम्पन्न — १
२. सार्वजनिक सुनुवाइ/अभिभावक भेला — १
३. विद्यालयको आय—व्यय पारदर्शिता — १
४. विद्यालय व्यवस्थापन समितिको नियमित बैठक — १
५. गुनासो सुनुवाइ तथा अभिलेखीकरण — १

**१०. अतिरिक्त क्रियाकलाप, नवप्रवर्तन तथा स्थानीय पाठ्यक्रम — ५ अङ्क**

१. खेलकुद — १
२. कला/साहित्य/सांस्कृतिक कार्यक्रम — १
३. विज्ञान तथा प्रविधि/ICT सम्बन्धी गतिविधि — १
४. स्थानीय विषयवस्तु तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी प्रयोग — १
५. विद्यालयको आफ्नै नवीन तथा अनुकरणीय कार्यक्रम — १

**११. अभिभावक तथा समुदायको सहभागिता — ५ अङ्क**

१. अभिभावकको नियमित सहभागिता — २
२. विद्यालय व्यवस्थापनमा समुदायको सहयोग — १
३. स्थानीय स्रोत तथा साधनको परिचालन — १
४. विद्यालयप्रति समुदायको अपनत्व तथा सहयोग — १

**१२. विद्यालय स्तरीकरणको तह**

प्राप्त कुल अङ्कका आधारमा विद्यालयलाई देहायबमोजिम स्तरीकरण गरिनेछ।

| प्राप्त अङ्क | स्तर | संकेत |
|---|---|---|
| ८०—१०० | उत्कृष्ट विद्यालय | स्तर—१ |
| ७०—७९ | राम्रो विद्यालय | स्तर—२ |
| ६०—६९ | सुधारोन्मुख विद्यालय | स्तर—३ |
| ५०—५९ | सुधार आवश्यक विद्यालय | स्तर—४ |
| ४९ वा सोभन्दा कम | विशेष सुधार आवश्यक विद्यालय | स्तर—५ |

**नोटः** स्तरीकरणको उद्देश्य विद्यालयलाई दण्डित गर्नु नभई सुधारको आवश्यकता पहिचान गर्नु हुनेछ।

**१३. विशेष व्यवस्था**

कुनै विद्यालयले समग्रमा राम्रो अङ्क प्राप्त गरे पनि विद्यार्थीको वास्तविक सिकाइ उपलब्धि अत्यन्त कमजोर भएमा त्यस विद्यालयलाई स्वतः उत्कृष्ट श्रेणीमा राखिने छैन।

त्यसैगरी, भौतिक पूर्वाधार सीमित भए पनि विद्यार्थीको सिकाइ उपलब्धि, शिक्षकको नियमितता, विद्यालय नेतृत्व र व्यवस्थापन अत्यन्त राम्रो भएको विद्यालयलाई मूल्याङ्कनमा उचित अवसर दिइनेछ।

यसबाट ग्रामीण तथा भौगोलिक रूपमा कठिन क्षेत्रमा रहेका विद्यालयलाई समान अवसर प्राप्त हुनेछ।

## १४. मूल्याङ्कनको स्रोत

विद्यालय स्तरीकरण गर्दा देहायका स्रोतबाट प्रमाण संकलन गरिनेछ—

१. विद्यालयको EMIS विवरण
२. वार्षिक परीक्षाको नतिजा
३. SEE तथा अन्य सार्वजनिक परीक्षाको नतिजा
४. विद्यालयको हाजिरी अभिलेख
५. विद्यालयको वार्षिक कार्ययोजना
६. विद्यालय सुधार योजना
७. सामाजिक परीक्षण प्रतिवेदन
८. प्रधानाध्यापक तथा शिक्षकको अभिलेख
९. स्थलगत अनुगमन
१०. विद्यार्थी, शिक्षक तथा अभिभावकसँगको अन्तरक्रिया
११. विद्यालयका भौतिक तथा शैक्षिक सामग्रीको निरीक्षण
१२. अन्य प्रमाणित अभिलेख तथा कागजात।

## १५. मूल्याङ्कन समिति

विद्यालय स्तरीकरणका लागि गाउँपालिकाले देहायबमोजिमको समिति गठन गर्न सक्नेछ—

**क) गाउँ शिक्षा समितिले तोकेको प्रतिनिधि — संयोजक**
**ख) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख — सदस्य**
**ग) सम्बन्धित विद्यालय निरीक्षण/शिक्षा अधिकृत/प्राविधिक कर्मचारी — सदस्य**
**घ) विषय विज्ञ वा अनुभवी प्रधानाध्यापक — सदस्य**

**ङ) शिक्षा, युवा तथा खेलकुद शाखाबाट तोकिएको कर्मचारी — सदस्य–सचिव**

आवश्यकताअनुसार विषय विज्ञ, प्राविधिक तथा सम्बन्धित क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

## १६. मूल्याङ्कन प्रक्रिया

१. प्रत्येक शैक्षिक वर्ष समाप्त भएपछि विद्यालय स्तरीकरण गरिनेछ।
२. विद्यालयलाई मूल्याङ्कन फाराम उपलब्ध गराई स्वमूल्याङ्कन गर्न लगाइनेछ।
३. शिक्षा शाखाले स्वमूल्याङ्कन विवरणको अध्ययन गर्नेछ।
४. आवश्यकताअनुसार स्थलगत अनुगमन गरिनेछ।
५. स्वमूल्याङ्कन र स्थलगत मूल्याङ्कनबीच फरक देखिएमा प्रमाणका आधारमा पुनः मूल्याङ्कन गरिनेछ।
६. प्राप्त अङ्कको आधारमा विद्यालयको स्तर निर्धारण गरिनेछ।
७. अन्तिम नतिजा शिक्षा शाखाले प्रमाणित गरी अभिलेख राख्नेछ।

**१७. विद्यालय सुधार योजना**

स्तरीकरणबाट ६० अङ्कभन्दा कम प्राप्त गर्ने विद्यालयले गाउँपालिकाको शिक्षा शाखाको समन्वयमा **विद्यालय सुधार कार्ययोजना** तयार गर्नुपर्नेछ।

विशेष सुधार आवश्यक विद्यालयका लागि देहायका कार्यक्रम सञ्चालन गर्न सकिनेछ—

- प्रधानाध्यापक नेतृत्व विकास
- शिक्षक मेन्टरिङ तथा कोचिङ
- विषयगत शिक्षक सहयोग
- उपचारात्मक शिक्षण
- विद्यार्थी सिकाइ उपलब्धि सुधार कार्यक्रम
- नमुना विद्यालय अवलोकन भ्रमण
- अभिभावक शिक्षा
- ICT तथा शैक्षिक सामग्री सहयोग
- नियमित शैक्षिक अनुगमन
- विद्यालय सुधारका लागि विशेष कार्ययोजना।

**१८. उत्कृष्ट विद्यालयलाई प्रोत्साहन** स्तरीकरणमा उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालयलाई गाउँपालिकाले उपलब्ध स्रोत र स्वीकृत कार्यक्रमको सीमाभित्र रही—

१. नगद/गैरनगद पुरस्कार,

२. प्रशंसापत्र,

३. अतिरिक्त शैक्षिक सामग्री,
४. उत्कृष्ट अभ्यास प्रस्तुत गर्ने अवसर,
५. शिक्षक तथा प्रधानाध्यापकको सम्मान,
६. नमुना विद्यालयको रूपमा विकास गर्ने कार्यक्रम
जस्ता प्रोत्साहन प्रदान गर्न सक्नेछ।

**१९. पुनरावलोकन**

यस मापदण्डको कार्यान्वयनका क्रममा देखिएका समस्या, प्राप्त अनुभव तथा संघ, प्रदेश र गाउँपालिकाबाट जारी हुने नयाँ शिक्षा सम्बन्धी मापदण्डका आधारमा गाउँपालिकाले आवश्यकता अनुसार यस मापदण्डको पुनरावलोकन तथा संशोधन गर्न सक्नेछ।

**२०. अन्तिम व्यवस्था**

यस मापदण्डमा उल्लेख नभएका विषयमा प्रचलित संघीय तथा प्रदेश कानून, गाउँपालिकाको शिक्षा सम्बन्धी कानून तथा गाउँ कार्यपालिकाको निर्णयबमोजिम हुनेछ।

**यस मापदण्डलाई गाउँपालिकाको विद्यालय अनुगमन, विद्यालय सुधार योजना, शैक्षिक पुरस्कार तथा प्रोत्साहन कार्यक्रमसँग आबद्ध गरी कार्यान्वयन गर्न सकिनेछ।**

**आज्ञाले**
**लक्ष्मण पाण्डे**
**प्रमुख प्रशासकीय अधिकृत**